# स्थानीय राजपत्र

गोकर्णेश्वर नगरपालिका, काठमाडौँद्वारा प्रकाशित

खण्डः ८) काठमाडौं, फाल्गुण १५ गते,२०८१ साल संख्याः १२

## भाग २

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## वागमती प्रदेश, नेपाल ।

नेपालको संविधान वमोजिम गोकर्णेश्वर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गोकर्णेश्वर नगरपालिकाको जल यातायात सञ्चालन कार्यविधि, २०८१

मूल्य रु : १५/-

# गोकर्णेश्वर नगरपालिकाको जल यातायात सञ्चालन कार्यविधि, २०८१

## प्रस्तावनाः

गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र आफ्नो सीमाना भएर बग्ने नदी तथा नगरपालिका भित्रका सम्पूर्ण नदि, ताल तलैयामा जल यातायात, पानीजन्य खेल, सञ्चालन, व्यवस्थापन लगायतका कार्य गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११(छ) को १२ मा नबिन पर्यटकिय सेवा कार्यहरु सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यन्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन गर्ने भनि दिएको अधिकार प्रयोग गरि यो कार्यबिधि पारित गरी लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १ संक्षिप्त नाम र प्रारम्भ :

१.१ यस कार्यबिधिको नाम **“जल यातायात सञ्चालन सम्बन्धी कार्यबिधि, २०८१“** रहेको छ ।

१.२ यो कार्यबिधि कार्यपालिका वा नगरसभाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

## २ यो कार्यबिधिको क्षेत्र :

गोकर्णेश्वर नगरपालिका भएर बग्ने बागमती लगायतका नदी, नगरपालिका भित्रका सम्पूर्ण प्राकृतिक नदि, ताल तलैया साथ साथै नगरपालिका द्धारा प्रकाशित सार्बजनिक नीजि साझेदारी परियोजनाहरुको क्षेत्रको रहने छ । यसमा सीमाना जोडिएका काठमाडौं महानगरपालिका, कागेश्वरी मनोहरा नगरपालिका लगायतका अन्य स्थानीय तहसँग समेत आपसी समन्वय गरिने छ। गोकर्णेश्वर नगरपालिकाकाले आफ्नो क्षेत्राधिकार भित्र नगरसभाबाट पारित गरी कार्य आरम्भ गर्नेछ ।

## ३ परिभाषा :

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,-

क) **“नगरपालिका”** भन्नाले गोकर्णेश्वर नगरपालिकालाई सम्झनु पर्छ ।

ख) **“कार्यपालिका”** भन्नाले गोकर्णेश्वर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पछ ।

ग) **“कार्यालय”** भन्नाले गोकर्णेश्वर नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

घ) **“प्रमुख”** भन्नाले गोकर्णेश्वर नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

ङ) **“प्रमुख प्रशासकीय अधिकृत”**भन्नाले गोकर्णेश्वर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

च) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ लाई सम्झनु पर्नेछ ।

छ) **" अनुमति प्राप्त व्यक्ति"** भन्नाले जलयातायात सञ्चालन गर्न सम्बन्धीत मन्त्रालय वा बिभाग वा कार्यालयबाट ईजाजत वा पत्र प्राप्त तथा गोकर्णेश्वर नगरपालिकाबाट अनुमति प्राप्त व्यक्ति वा कम्पनीलाई सम्झनुपर्छ ।

ज) **"आयोजना"** भन्नाले जलयातायात व्यवसाय सम्झनुपर्छ

झ) **"कम्पनी"** भन्नाले कम्पनी ऐन २०६३ वमोजिम संस्थापित कम्पनी सम्झनुपर्छ ।

ञ) **"सञ्चालन अनुमति पत्र"** भन्नाले जलयान व्यवसाय सञ्चालन गर्न अधिकार प्रदान गरिएको अनुमतिपत्र सम्झनुपर्छ ।

ट) **"संरचना"** भन्नाले जलयान व्यवसायसञ्चालन गर्ने स्थानमा रहने सर्म्पुण उपकरण, स्टोर, मर्मत कक्ष, यात्रु प्रतिक्षा कोठा, टिकट घर, चमेना गृह र सरचना सम्झनुपर्छ ।

(ठ) **"जलयान टोली"/ "जलयान कर्मचारी"** भन्नाले एक वा एकभन्दा बढी सदस्य भएको जलयान सञ्चालन गर्ने टोली सम्झनुपर्छ ।

ड) **"जलयान व्यवसाय"** भन्नाले नेपालको आन्तरिक जलमार्गमा जलयान सञ्चालन गर्नका लागि गरिने व्यवसाय सम्झनु पर्छ अर्को शब्दमा जलयात्रा ।

ढ) **"जलयान व्यवसायी"** भन्नाले जलयान व्यवसाय गर्ने व्यक्ति वा जलयान व्यवसाय गर्नका लागि प्रचलित कानून वमोजिम स्थापना भएको कम्पनी, संस्था वा फर्म सम्झनु पर्छ ।

ण) **"आन्तरिक जलमार्ग"** भन्नाले नेपाल भित्रको नदी, खोला, ताल तलैया, पोखरी, नहर वा नौपरिवहन योग्य पानी (Navigable waters) सम्झनुपर्छ ।

त) **"यात्रु"** भन्नाले यान्त्रिक जलयान यात्रा गर्ने मास्टर, इनीजिनयर, चालक दलका सदस्य, कम्पनीका कर्मचारि वाहेकका अन्य सबै व्यक्तिहरु सम्झनुपर्छ ।

थ) **"सेवा शुल्क"** भन्नाले अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले उपलब्ध गराएको सेवा उपयोग गरे वापत बुझाउनु पर्ने शुल्क सम्झनुपर्दछ ।

द) **"दस्तुर"** भन्नाले व्यवसाय दर्ता,नविकरण,बिलम्ब र नक्कल वा नगरपालिकाको सेवा प्राप्त गर्न गोकर्णेश्वर नगरपालिकालाई बुझाउनु पर्ने दस्तुर भन्ने बुझिन्छ ।

ध) **"जलयान"** भन्नाले कुनै पनि प्रकारको इन्धन, वाफ वा बिधुत प्रयोग गरि इन्जिन वा मोटर द्धारा सञ्चालन हुने , आफैमा इन्जिन वा मोटर भएको वा इन्जिन वा मोटर प्रयोग हुने अन्य यानबाट तानिइ वा धकेलि संतालन हुने वाज Barge वा अन्य जलयान पनि यसै भित्र पर्नेछ ।

# परिच्छेद २

## उदेश्य र क्षेत्र

### ४. यस कार्यबिधिको उदेश्य देहाय बमोजिमको हुनेछ

४.१ गोकर्णेश्वर नगरपालिका भएर बग्ने बागमती लगायतका नदी, नगरपालिका भित्रका सम्पूर्ण प्राकृतिक नदि, ताल तलैया साथ साथै नगरपालिका द्धारा प्रकाशित सार्बजनिक नीजि साझेदारी परियोजनाहरुको क्षेत्र भित्र सञ्चालनमा रहेका जलयातायात -नदीमा चल्ने डुङ्गा लगायत मोटर तथा इन्जिन जडित साधन ) लाई थप व्यवस्थित गराई सञ्चालन अनुमति प्रदान गर्नेका साथै तिनीहरुको नविकरण, रोक्का, खारेजि एवं अनुमति

प्रदान गर्ने प्रक्रिया र सो संग जोडियका निर्णय पक्रिया संग सम्बन्धीत छ ।

४.२ जलयातायात सञ्चालन सम्बन्धी नियमन तथा राजश्व संकलन गर्ने ।

४.३ जलयात्रा गर्ने यात्रु तथा जल यातायात सञ्चालनको लागि सुरक्षाकोलागि मापदण्ड तयार गने ।

४.४ जलयात्राको प्रबद्धन सम्बन्धी कार्य गर्ने

## ५. कार्यक्षेत्र :

यस कार्यबिधिको कार्यक्षेत्र देहाय वमोजिम हुनेछ ।

५.१ गोकर्णेश्वर नगरपालिका भएर बग्ने बागमती लगायतका नदी, नदिले चर्चेको किनारा, नगरपालिका भित्रका सम्पूर्ण प्राकृतिक नदि, ताल तलैया साथ साथै नगरपालिका द्धारा प्रकाशित सार्बजनिक नीजि साझेदारी परियोजनाहरुको कार्यक्षेत्र भित्र जलयातायात सञ्चालन गरिने स्थानलाई कार्यक्षेत्र मानिने छ

५.६ आयोजना शुरु गर्नु पुर्ब कम्पनीले सहमति लिएको हुनुपर्ने छ ।

५.७ आयोजना सञ्चालन गर्नु पुर्ब कम्पनीले अनुमति पत्र लिएको हुनुपर्ने छ ।

५.८ बन क्षेत्रमा मोटरबोट सञ्चालन गर्दा बन मन्त्रालयको समेत अनुमति वा राय प्राप्त गरेको हुनुपर्नेछ ।

५.९ राष्ट्रिय निकुञ्जका क्षेत्रमा मोटरबोट सञ्चालन गर्दा निकुञ्ज बिभागको अनुमति वा राय प्राप्त गरेको हुनुपर्नेछ ।

# परिच्छेद-३

## निर्माण अनुमति पत्रको दर्खास्त आबश्यक कागजपत्र र जारि गर्ने प्रकृया

## ६ इजाजत/अनुमति सम्बन्धी व्यवस्थाः

६.१ **अनुमति नलिई जलयात्रा व्यवसाय सञ्चालन गर्न नहुने**:- यस कार्य बिधि वमोजिम इजाजत नलिई वा स्वीकृत नगराई कसैले पनि जलयातायात व्यवसाय सञ्चालन गर्न हुदैन ।

६.२ तर दर्ता प्रयोजनको लागि पोर्ट सम्म आउने वा दर्ता नविकरणको लागि सबै भन्दा नजिकको स्थान सम्म यात्रु वा मालसमान नबोकि आउने, उत्पादकले परिक्षण तथा तालिम केन्द्रले तालिमका लागि प्रयोग गर्ने जलयानको, कार्यक्षेत्र भित्र प्रबेश नगरि तथा कहि कतै नरोकि सञ्चालन गरिने जलयानक लागि ६.१, लागू हुने छैन ।

## ७ आयोजना निर्माण अनुमतिपत्र

७.१ निर्माण अनुमतिपत्रको लागि दरखास्त

- Feasibility Study Report संलग्न गरि अनुसुचि १ बमोजिमको दरखास्त दिनु पर्ने छ ।
- व्यवसायदर्ताको निबेदन
- कम्पनी, फर्म वा सस्था दर्ताको प्रतिलिपी
- कम्पनी, फर्म वा सस्था अध्यावधिक भएको प्रमाण
- प्यान वा भ्याट दर्ताको प्रमाण पत्र

- पानि जहाज बिभाग वा पर्यटन बिभागबाट मोटरबोट सञ्चालन गर्न प्राप्त गरेको म्याद कायम रहेको इजाजत पत्र ।
- Tax Clerance प्रमाण पत्र
- सम्बन्धीत व्यवसाहिको नागरिकताको प्रतिलिपी

७.२ निर्माण अनुमतिपत्र जारि गर्ने सम्बन्धी व्यवस्था - पेश भएका कागजात पुरा र ठिक भएमा नगरपालिकाले अनुमति प्रदान गर्नेछ ।

७.३ निर्माण अनुमतिपत्रको म्याद -

आयोजनाको निर्माण अनुमतिपत्र लिएको दुइ वर्ष सम्म सञ्चालन अनुमति पत्र नलिएमा जलयान व्यवसायीले उचित कारण देखाइ निबेदन दिएमा थप एक वर्षको लागि निर्माण अनुमतिपत्र थप गरिनेछ अन्यथा नगरपालिकाले निर्माण अनुमतिपत्र खारेज गर्न सक्नेछ । निर्माण अनुमतिपत्र दिई सके पश्चात सोहि स्थान तथा जलमार्गमा अन्य प्रस्तावकलाई अनुमतिपत्र दिइने छैन । निर्माण अनुमतिपत्र खारेज भए पश्चात सोहि स्थान तथा जलमार्गमा अन्य प्रस्तावकलाई अनुमतिपत्र दिइने छ ।

७.४ निर्माण अनुमतिपत्र प्राप्त भए पश्चात बिध्यमान नियमानुसार अनुमति लिनु पर्नेमा लिनु पर्ने छ ।

# परिच्छेद-४

## सञ्चालन अनुमति पत्रका लागि दर्खास्त आबश्यक कागजात र जारि गर्ने प्रकृया

**८.१ सञ्चालन अनुमतिका लागि दरखास्त दिनुपर्नेः-**

जलयातायात व्यवसाय सञ्चालन गर्न सञ्चालकहरुले अनुसुचि(२) बमोजिमको ढाँचामा निम्न कागजातसहित दरखास्त दिनुपर्नेछ ।

- Feasibility Study Report संलग्न गरि अनुसुचि २ बमोजिमको दरखास्त
- व्यवसायदर्ताको निबेदन
- कम्पनी, फर्म वा सस्था दर्ताको प्रतिलिपी
- कम्पनी, फर्म वा सस्था अध्यावधिक भएको प्रमाण
- प्यान वा भ्याट दर्ताको प्रमाण पत्र
- पानि जहाज बिभाग वा पर्यटन बिभागबाट मोटरबोट सञ्चालन गर्न प्राप्त गरेको म्याद कायम रहेको इजाजत पत्र ।
- Tax Clerance प्रमाण पत्र
- सम्बन्धीत ब्यबसाहिको नागरिकताको प्रतिलिपी
- बताबरण संरक्षण ऐन २०५३ र बताबरण संरक्षण नियमावली २०५४ वमोजिम बाताबरणीय अध्यन गरि सो को प्रतिबेदन पेश गर्नु पर्ने छ ।
- मोटरबोट तथा Marine सचारको लागि संचार मन्त्रालयबाट प्राप्त गरेको म्याद कायम रहेको इजाजत पत्र ।
- प्रयोग गरिएको इन्जिनको आधिकारिक बिक्रि बितरक नेपालमा रहेको प्रमाण । (बिक्रि बितरक प्रमाण पत्र

सहित इन्जिन उत्पादकको आधिकारिक website मा बिक्रि बितरकको बिबरण उल्लेखित भएको हुनुपर्ने)

- प्रति यात्रु रु १० लाख बराबरको बिमा गरिएको बिमालेख ।

## ९ जलयात्रा व्यवसायदर्ताको प्रमाण पत्र

९.१ नगरपालिका प्रमुख समक्ष पर्न आएको दरखास्त ( माथि ८.१ अनुसारको ) छानबिन गरि, कागजात पुरा भएको खण्डमा अनुसुचि(५) को ढाँचामा सञ्चालन अनुमति पत्र प्रदान गरिनेछ ।

९.२ जलयात्रा व्यवसाय सञ्चालनको अनुमति दिदा कार्यालयले सुरक्षित, नियमित, स्तरिय र प्रभाबकारि रुपमा सञ्चालन गर्ने सम्बन्धमा आबश्यकतानुसार शर्तहरु तोक्न सक्नेछ ।

९.३ सञ्चालन अनुमतिपत्रको म्याद ३० वर्षको हुनेछ । तत् पश्चात १० वर्ष पुन म्याद थप हुनेछ ।

९.४ अनुमतिपत्र प्राप्त गर्नपरिच्छेद-६, को बुदा नं. १०.२ वमोजिम दस्तुर लाग्नेछ ।

९.५ जलयात्रा सञ्चालनको स्थान IEE मा तोके वमोजिम हुनेछ ।

## १०. इजाजत/अनुमति-पत्र नविकरण गर्नेः

१०.१ निर्माण अनुमति पत्रको लागि नगरपालिकाले तोके वमोजिम दस्तुर तिर्नु पर्नेछ ।

१०.२ सञ्चालन अनुमति पत्रको लागि नगरपालिकाले तोके वमोजिम दस्तुर तिर्नु पर्नेछ ।

१०.३ नविकरण को लागि नगरपालिकाले तोके वमोजिम दस्तुर तिर्नु पर्नेछ । नविकरणको लागि अनुसूची-३

बमोजिमको दरखास्त, यात्रु बिमा, मर्मत सम्भार र सुरक्षा प्रतिबेदन सहित म्याद सकिनु भन्दा १ महिना अगाबै निबेदन दिनु पर्नेछ । म्याद सकिएको ६ महिना सम्म बडिमा ५०% जरिवाना सहित नविकरण गर्न सकिनेछ । म्याद सकिएको १ वर्षसम्म १००% जरिवाना सहित नविकरण गर्न सकिनेछ । तत्तपश्चात सञ्चालन अनुमतिपत्र स्वत खारेज हुने छ ।

१०.४ नगरपालिका प्रमुख समक्ष पर्न आएको दरखास्त (माथि ९.१ अनुसारको ) छानबिन गरि, कागजात पुरा भएको खण्डमा अनुसुचि (६) को ढाँचामा सञ्चालन अनुमति पत्र नविकरणका गरि प्रदान गरिनेछ ।

म्याद समाप्त भएकोमा पून सञ्चालन गर्न चाहेको खण्डमा पुरानो बक्यौता तिरी पून नयाँ दर्ताको लागि निबेदन दिन सकिने छ ।

## ११ स्वामित्व परिवर्तनको स्वीकृत लिनु पर्ने :

कुनै एक ब्यक्ति तथा संस्थाको नाममा दर्ता कायम रहेको जलयान खरिद बिक्रि वा अन्य कुनै ब्यक्ति वा संस्थाको नाममा हस्तान्तरण गर्नु परेमा, सञ्चालन तथा व्यवस्थापनको स्वामित्व परिवर्तन गर्नु परेमा कार्यलयको स्वीकृती लिनु पर्ने छ । कार्यालयलाइ बुझाउनु पर्ने बक्यौता बुझाईसके पश्चात लगबुक पविर्तन गराई स्वीकृती लिनु पर्ने छ ।

# परिच्छेद-५

## १२ जलयान तथा जलयात्रा सुरक्षा सम्बन्धी व्यवस्था :

१२.१ सम्पुर्ण यात्रि तथा चालक दलको कम्तिमा १० लाखको वीमा गरेको हुनुपर्ने छ ।

१२.२ सुरक्षित र प्रचलित कानून वमोजिम मापदण्ड पुगेको डुङ्गा, बोट वा वाटर मोटरवोट मात्र प्रयोग गर्न पाइनेछ ।

१२.३ यात्रु सिट संस्या बराबर लाइफ ज्याकेट हुनु पर्नेछ ।

१२.४ प्रत्येक जलयानमा कम्तिमा २-२ वटा बोना, सिठी, वाटर टूयब , थ्रो ब्याग हुनु पर्नेछ ।

१२.५ प्रत्येक कम्पनी संग प्राथमिक स्वास्थ्य उपचार किट हुनु पर्ने छ ।

१२.६ राति सञ्चालन हुने जलयानमा Navigation Light, Flood Light अनिबार्य हुनुपर्ने छ ।

१२.७ बिमा claim गर्नको लागि समेत प्रतेक टिकटमा यात्रुको नाम लेख्नु पर्ने अनिवार्य भएकोले अनिवार्य रुपमा प्रति यात्रुको नाम उल्लेख गरेर टिकट जारि गनु पर्नेछ ।

१२.८ Internal Revenue Department (IRD) बाट प्रमाणित मरिन तथा पोर्ट व्यवस्थापन सहितको e-ticketing software प्रयोग गरि त्यसको Live monitoring गर्ने व्यवस्था कार्यालयमा गर्नु पर्ने छ ।

१२.९ जलयानको गति सिमितता - जलमार्गमा जलयान सञ्चालनको क्रममा अर्को दिशाबाट अर्को कुनै जलयान आउदै गरेको अबस्थामा

यात्रु तथा जलयानको शुरक्षा लाई ध्यानमा राखि आफ्नो जलयानको गति कम गरि बढिमा ५ नट अर्थात १० किमी/घण्टाको गतिमा मात्र सञ्चालन गर्नु पर्ने छ ।

१२.११ जलयानले गैर कानुनी समानहरु बोक्न मनाहि गरिएको छ ।

१२.१२ कसैले पनि कुनै हिसाबले जलमार्ग वा व्यवसायलाई कुनै प्रकारको अबरोध गर्न पाइने छैन । गरिएमा प्रचलित कानुन वमोजिम कार्यबाही हुनेछ ।

१२.१३ जलयान सञ्चालन गर्दा नदिको बायाँ तर्फबाट सञ्चालन गर्ने, दाया बाट उछिन्ने गर्नु पर्ने छ ।

## १३ वातावरण प्रदुषण रोकथाम सम्बन्धी

१३.१ जलयान संचानल गर्दा कुनै पनि किसिमको प्रदुषण जन्य गतिबिधी गर्न पाइने छैन।

१३.२ जलयानको इन्जिन Four stroke engine हुनुपर्ने छ, Two stroke engine इन्जिनलाइ अनुमति दिइने छैन ।

१३.४ वातावरण संरक्षण नियमावली २०७७ को अनुसूचि को (घ)(४) मा व्यवस्था भए अनुसार IEE गरेको हुनुपर्ने छ ।

माथि उल्लेखित शसर्तहरु नमानेको खण्डमा अस्थाइ रुपमा सञ्चालनमा रोक लगाउने तथा ३ पटक भन्दा बढि शर्त उल्लंघन गरेको अबस्थामा अनुमति पत्र खारेज गर्नको लागि आदेश गर्न सकिने छ ।

## परिच्छेद-६

### १४. दण्ड सजाय सम्बन्धी व्यवस्थाः-

१४.१ प्रचलित कानून र यस कार्यविधिमा उल्लेख भए वमोजिम नियम उल्लंघन गरेमा निजलाई सहजिकरण समितिको निर्णयमा नगर कार्यपालिकाले बढीमा वीस हजार सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैंको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपूर्ति सञ्चालकको जायजेथाबाट भराई दिन सक्नेछ ।

१४.२ यस कार्यविधि वमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलयातायात सम्बन्धी व्यवसाय सञ्चालन गरेमा अनुगमन समितिको निर्णयमा नगर कार्यपालिकाले पहिलो पटक १० हजार रुपैया सम्म जरिवाना गर्न र दोस्रो पटकको लागि २० हजार जरिवाना लिन सक्नेछ, तेस्रो पटकको लागि ५० हजार जरिवाना लिन सक्नेछ । ३ पटक भन्दा बढि शर्त उल्लंघन गरेको अवस्थामा जलयान जफत गर्न सकिने छ ।

१४.३ कसैले वदनियत साथ कुनै स्थानीय संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएका, विगारेमा वा कुनै किसिमले हानी नोक्सानीको विगो असुलगरी निजलाई विगो वमोजिम जरिवाना गराई वा नियमानुसार

कारवाहीको लागि कार्यपालिकामा सिफारिस गर्ने ।

१४.४ सेवा रोक्न सक्ने : सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाएमा त्यस्तो सेवा शुल्क नबुझाए सम्मका लागि अस्थाइ रुपमा बन्द गर्न सकिनेछ ।

**१५ यस नियमावली वमोजिम निम्न कार्यलाई कसूर मानिनेछ ।**

१५.१ जल यातायात व्यवसाय नगरपालिकामा दर्ता नगरी सञ्चालन गर्न पाइने छैन ।

१५.२ यस नियमावली वमोजिम निम्न कार्यहरुलाई कसूर मानिनेछ ।

(क) कार्यालयमा जलयान दर्ता नगरी सञ्चालन गरेमा

(ख) कार्यालयमा जलयान व्यवसाय दर्ता नगरी जलयान व्यवसाय सञ्चालन गरेमा

(ग) समयमै राजश्व नतिरेमा

(घ) कानुनले बर्खिलाप गरेको कार्य गरेमा

(ङ) यात्रु बिमा नगरेमा ।

# परिच्छेद-७

## १६. मनोरञ्जन शूल्क सम्बन्धी व्यवस्थाः-

१६.१ यस कार्यविधि वमोजिम जल यातायात सञ्चालन सम्बन्धमा अनुमति दिंदा गोकर्णेश्वर नगरपालिकाको क्षेत्राधिकार भित्रबाट टिकट जारी गर्दा ३% सम्म मनोरन्जन कर लगाउन सक्ने छ । उठ्न आएको राजस्व रकम नगरपालिकाको संचित कोषमा दाखिला गरिनेछ

१६.२ सेवा शुल्क सम्बन्धी व्यबस्था :

१६.२.१ जल यातायात व्यवसाय नगरपालिकामा दर्ता नगरी सञ्चालन गर्न पाइने छैन ।

१६.२.२ जल यातायात व्यवसाय महानगरपालिकामा दर्ता गर्दा आर्थिक ऐनमा तोकिएको भए सोही वमोजिम ।

१६.२.३ नतोकिएको हकमा अनुसूची (६)मा उल्लेख भए वमोजिम हुनेछ ।

१६.२.४ मोटरबोट सञ्चालन समय, बोटको प्रकारको आधारमा जलयातायात संचालकले नै सेवा दस्तुर तोको सोको जानकारी नगरपालिकालाई दिनुपर्ने छ ।

१६.२.५ जलयानको संख्या IEE मा तोकिएको भन्दा नबढ्ने गरि मात्र राख्नुपर्ने र प्रति जलयानको अनुसुचि-७ अनुसार वार्षिक राजश्व बुझाउनु पर्ने छ ।

# परिच्छेद -९

## १७ जल यातायात सहजिकरण समिति

यस कार्यविधि वमोजिम निरिक्षकको नियुति गर्न, सञ्चालन स्थान तोक्न, रुट, इजाजत, सेवा शुल्क तथा शिर्त बन्देज तोक्न, अनुमति रद्ध तथा कार्यबाहि तोक्न जल यातायात सहजिकरण समिति रहने छ ।

क) संयोजक - नगरकार्यपालिकावाट मनोनित

ख) पदेन सदस्य - नगर प्रमुख

ग) पदेन सदस्य - नगर-उप प्रमुख

घ) पदेन सदस्य - प्रमुख प्रशासकीय अधिकृत

ङ ) पदेन सदस्य - कानून अधिकृत

च) पदेन सदस्य - राजस्व प्रमुख

छ) पदेन सदस्य - जल यातायात सम्बन्धी विशेषज्ञ र जल यातायात व्यवसायी

## १८ जल यातायात सहजिकरण समितीको काम कर्तब्य अधिकार

१८.१ जलयात्रा व्यवसायलाई आबश्यक मार्ग निर्देशन गर्ने

१८.२ जलमार्गको रुट तोक्ने

१८.३ सेवा शुल्क तोक्ने

१८.४ शर्त बन्देज पालना गरेको नगरेको अनुगमन गर्ने

१८.५ जलयात्राको प्रबर्द्धन सम्बन्धी कार्य गर्ने

१८.६ गोकर्णेश्वर नगरपालिकाकामा जलयात्राको विकासको लागि आबश्यक नीति निर्माण गर्ने, समन्वय गर्ने ।

१८.७ आवश्यक कार्यबाहीको लागि सिफरिस गर्ने

१८.८ समस्या तथा बिबादको मध्यस्तता  गर्ने

१८.९ जलयात्राको निरन्तर सञ्चालनको लागि कार्य गर्ने, अवाच्छित गतिबिधी हुन नदिने ।

## १९ जलयान कर्मचारी तथा व्यवस्थापान सम्बन्धी प्रशिक्षण दिने सम्बन्धमा

१९.१ जलयान कर्मचारी तथा व्यवस्थापन सम्बन्धी प्रशिक्षण दिने संस्थाहरु कार्यलयमा दर्ता गरि मात्र सञ्चालन गर्नुपर्ने छ

१९.२ यस्तो संस्थाले कार्यलयमा दर्ता गर्न निम्न कागजात सहित अनुमतिको लागी दरखास्त दिनु पर्ने छ ।

क. कम्पनी दर्ताको प्रमाण पत्र को प्रतिलिपी

ख. कर दर्ताको प्रमाण

ग. पानि जहाज कार्यालय वा सो संग सम्बन्धीत मन्त्रालयवाट गरिएको  सिफारिस

घ. सञ्चालकको नागरिकताको प्रतिलिपी

ङ पानि जहाजमा कम्पनीमा ५ वर्ष कार्य गरेको अनुभवी व्यवस्थापनको सीम्यान वुक तथा अन्य प्रमाण

च, प्रशिक्षण संस्थाको अनुमति माथि उल्लेखित कागजात सहित आएको निवेदन उपर कार्यवाही भई दर्ता को इजाजत दिन सकिने ।यसको लागी आवश्यक Port तथा तालिम स्थान समेत उपलब्ध गराइने छ ।

## परिच्छेद -१०

## विविध

**२० बाधा अड्कउ फुकाउ तथा व्याख्या :**

यस कार्यविधिको अन्तिम व्याख्या एवं बाधा बाधा अड्कउ फुकाउने कार्य नगर कार्यपालिकाले गर्नेछ ।

**२१ परिमार्जन तथा संशोधन :**

यस कार्यविधिलाई आवश्यकता अनुसार नगरपालिका नगर कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

**अनुसूची -१**

*(कार्यविधिको परिच्छेद -३, बुँदा ७.१ सँग सम्वन्धीत )*
*निर्माण अनुमति पत्रका लागि दिइने दरखास्त ढाँचा*

मितिः

श्रीमान् प्रमुख ज्यू
गोकर्णेश्वर नगरपालिका
...................

विषय : **जल यातायात व्यवसायको निर्माण अनुमति पाँउ भन्ने सम्बन्धमा ।**
महोदय ,

म निवेदक /संचालक फर्म ............... ले ........... नदी .....स्थानमा जल यातायात व्यवसाय निर्माण गर्नका लागि यो निवेदन गरेको छु । मैले पेश गरेको संलग्न कागजात प्रमाण जेकजाच गरी जल यातायातको सञ्चालन कार्यविधिले निर्धारण गरेको क्षेत्रभित्र यातायात सञ्चालन गर्न अनुमति पाउन अनुरोध छ ।

क.कम्पनी/फर्म /व्यक्तिको पुरा नाम, थर :
ख.कम्पनी/फर्म /व्यक्तिको पुरा ठेगाना :
ग.जल यातायात सञ्चालन गर्ने स्थान :
घ.पुँजी :

**संलग्न कागजपत्रहरु :**

- **Feasibility Study Report**
- व्यवसायदर्ताको निबेदन
- कम्पनी, फर्म वा सस्था दर्ताको प्रतिलिपी
- कम्पनी, फर्म वा सस्था अध्यावधिक भएको प्रमाण
- प्यान वा भ्याट दर्ताको प्रमाण पत्र
- पानि जहाज बिभाग वा पर्यटन बिभागबाट मोटरबोट सञ्चालन गर्न प्राप्त गरेको म्याद कायम रहेको इजाजत पत्र
- Tax Cleranceप्रमाण पत्र
- नागरिकताको प्रतिलिपी

दरखास्तवालाको नामः
हस्ताक्षरः                                    सम्पर्क नं :

## अनुसूची -२

(कार्यविधिको परिच्छेद -४, बुँदा ८.१ सँग सम्बन्धीत )
सञ्चालन अनुमति पत्रका लागि दिइने दरखास्त ढाँचा

मितिः

श्रीमान प्रमुख ज्यू
गोकर्णेश्वर नगरपालिका

विषय : **जल यातायात व्यवसायको सञ्चालन अनुमति पाँउ भन्ने सम्बन्धमा ।**

महोदय ,

म निवेदक ⁄संचालक फर्म ........... ले ........... नदी .......स्थानमा जल यातायात व्यवसायसञ्चालन गर्नका लागि यो निवेदन गरेको छु । मैले पेश गरेको संलग्न कागजात प्रमाण जेकजाच गरी जल यातायातको सञ्चालन कार्यविधिले निर्धारण गरेको क्षेत्रभित्र यातायात सञ्चालन गर्न अनुमति पाउन अनुरोध छ ।

क.कम्पनी⁄फर्म ⁄व्यक्तिको पुरा नाम, थर :
ख. कम्पनी⁄फर्म ⁄व्यक्तिको पुरा ठेगाना :
ग.जल यातायात सञ्चालन गर्ने स्थान :
घ.पुँजी :

**संलग्न कागजपत्रहरु :**

- Feasibility Study Report
- व्यवसायदर्ताको निबेदन
- कम्पनी, फर्म वा सस्था दर्ताको प्रतिलिपी
- कम्पनी, फर्म वा सस्था अध्यावधिक भएको प्रमाण
- प्यान वा भ्याट दर्ताको प्रमाण पत्र

- पानि जहाज बिभाग वा पर्यटन बिभागबाट मोटरबोट सञ्चालन गर्न प्राप्त गरेको म्याद कायम रहेको इजाजत पत्र ।
- Tax Cleranceप्रमाण पत्र
- नागरिकताको प्रतिलिपी
- वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ वमोजिम वातावरणीय अध्यन को प्रतिबेदन
- मोटरबोट तथा Marine संचारको लागि संचार मन्त्रालयबाट प्राप्त गरेको म्याद कायम रहेको इजाजत पत्र ।
- प्रयोग गरिएको इन्जिनको आधिकारिक बिक्रि बितरक नेपालमा रहेको प्रमाण । (बिक्रि बितरक प्रमाण पत्र सहित इन्जिन उत्पादकको आधिकारिक website मा बिक्रि बितरकको बिबरण
- प्रति यात्रु रु १० लाख बराबरको बिमागरिएको बिमालेख ।

दरखास्तवालाको नामः

हस्ताक्षरः

सम्पर्क नं :

**अनुसूची -३**

*(कार्यविधिको परिच्छेद -४, बुँदा १०.३ सँग सम्बन्धीत )*
*सञ्चालन अनुमतिपत्र नविकरणका लागि दिइने दरखास्त ढाँचा*

मितिः

श्रीमान प्रमुख ज्यू
गोकर्णेश्वर नगरपालिका

विषय : **जल यातायात व्यवसायको सञ्चालन अनुमति नविकरणका गरि पाँउ भन्ने सम्बन्धमा ।**

महोदय ,

म निवेदक /संचालक फर्म ............ ले ............ नदी**.....**स्थानमा जल यातायात व्यवसाय सञ्चालन अनुमतिपत्र नविकरण गर्नका लागि यो निवेदन गरेको छु । मैले पेश गरेको संलग्न कागजात प्रमाण जेकजाच गरी जल यातायातको सञ्चालन कार्यविधिले निर्धारण गरेको क्षेत्रभित्र यातायात सञ्चालन गर्न अनुमति पाउन अनुरोध छ ।

क.कम्पनी/फर्म /व्यक्तिको पुरा नाम, थर :
ख. कम्पनी/फर्म /व्यक्तिको पुरा ठेगाना :
ग.जल यातायात सञ्चालन गर्ने स्थान :
घ.पुँजी :

**संलग्न कागजपत्रहरु :**

- Feasibility Study Report
- व्यवसाय दर्ताको निवेदन
- कम्पनी, फर्म वा सस्था दर्ताको प्रतिलिपी
- कम्पनी, फर्म वा सस्था अध्यावधिक भएको प्रमाण
- प्यान वा भ्याट दर्ताको प्रमाण पत्र
- पानि जहाज बिभाग वा पर्यटन बिभागबाट मोटरबोट सञ्चालन गर्न प्राप्त गरेको म्याद कायम रहेको इजाजत पत्र
- Tax Clerance प्रमाण पत्र

- नागरिकताको प्रतिलिपी
- बताबरण संरक्षण ऐन २०५३ र बताबरण संरक्षण नियमावली २०५४ वमोजिम बाताबरणीय अध्यन को प्रतिबेदन
- मोटरबोट तथा Marine संचारको लागि संचार मन्त्रालयबाट प्राप्त गरेको म्याद कायम रहेको इजाजत पत्र ।
- प्रति यात्रु रु १० लाख बराबरको बिमा गरिएको बिमालेख ।
- सुरक्षा प्रतिबेदन
- आयोजनाको प्रतिबेदन

दरखास्तवालाको नामः

हस्ताक्षरः

सम्पर्क नं :

**गोकर्णेश्वर नगरपालिका**
अनुसूची -४
( परिच्छेद -३,को दफा ७.२ संग सम्बन्धित )

फोटो

अनुमतिपत्र क्रमसंख्या
श्री.....................................।
विषय : **जल यातायात ब्यबसायको निर्माण अनुमति प्रमाणपत्र ।**
महाशय,

यस ..............लेमिति............मा जल यातायात व्यवसायको निर्माण तथा सञ्चालन अनुमति प्रमाणपत्र पाउ भनि दिएको दरखास्तको आधारमा तपाईलाई जलयात्रा ब्यबसाय / जलयात्रा Port व्यवस्थापन / जलयात्रा सम्बन्धि तालिम केन्द्र ब्यबसाय संचालनको लागि कार्यविधिको परिच्छेद ......... दफा ......... अनुसार निर्माण अनुमति प्रदान गरिएको छ ।

कम्पनिको नाम र ठेगाना

जलयात्रा संचालन गर्ने स्थान-

जलयान संख्या -

निर्माण अनुमतिपत्रको अबधि -

जलयान संचालन समय - २४ सै घण्टा

अनुमति दिने अधिकारी

नामः

दर्जा :

दस्तखतः

मितिः

द्रष्टव्य : सम्बन्धित अनुमति माग गरिएको फर्म /कम्पनी व्यक्ति नेपाल सरकारको नियमानुसार कालो सूचीमा परेको पाएमा अनुमति दिइने छैन । अनुमति दिइसकेको भए जुनसुकै बखत अनुमति रद्द गरिने छ ।

**गोकर्णेश्वर नगरपालिकाका**

अनुसूची -५

*( परिच्छेद -३ ,को दफा ७.२ संग सम्बन्धित )*

| फोटो |
|---|

अनुमतिपत्र क्रमसंख्या

श्री.................................

विषय : जल यातायात ब्यबसायको संचालन अनुमति प्रमाणपत्र ।

महाशय,

यस .........................................लेमिति.................मा जल यातायात ब्यबसायको संचालन अनुमति प्रमाणपत्र पाउ भनि दिएको दरखास्तको आधारमा तपाईलाई जलयात्रा ब्यबसाय / जलयात्रा Port ब्यबस्थापन / जलयात्रा सम्बन्धि तालिम केन्द्र ब्यबसाय संचालनको लागि कार्यविधिको परिछेद ......... दफा ......... अनुसार जल यातायात ब्यबसायको संचालन अनुमतिपत्र प्रदान गरिएको छ ।

कम्पनिको नाम र ठेगाना

जलयात्रा संचालन गर्ने स्थान-

जलयान संख्या -

संचालन अनुमतिपत्रको अबधि -

जलयान संचालन समय - २४ सै घण्टा

अनुमति दिने अधिकारी

नामः

दर्जा :

दस्तखतः

मितिः

द्रष्टव्य : सम्बन्धित अनुमति माग गरिएको फर्म /कम्पनी व्यक्ति नेपाल सरकारको नियमानुसार कालो सूचीमा परेको पाएमा अनुमति दिइने छैन । अनुमति दिइसकेको भए जुनसुकै बखत अनुमति रद्द गरिने छ ।

**गोकर्णेश्वर नगरपालिकाका**

**अनुसूची -६**

( परिच्छेद -३ ,को दफा ७.२ संग सम्बन्धित )

फोटो

अनुमतिपत्र क्रमसंख्या

श्री.....................................

विषय : **जल यातायात ब्यबसायको संचालन अनुमति नबिकरण दिएको सम्बन्धमा ।**

महाशय,

यस ..................................ले मिति .................मा जल यातायात व्यवसायको संचालन अनुमति प्रमाणपत्र नविकरण गरि पाउ भनि दिएको दरखास्तको आधारमा तपाईलाई जलयात्रा व्यवसाय / जलयात्रा Port व्यवस्थापन / जलयात्रा सम्बन्धि तालिम केन्द्र व्यवसाय संचालनको लागि कार्यविधिको परिछेद ......... दफा ......... अनुसार अनुमति पत्र नविकरण गरि प्रदान गरिएको छ ।

कम्पनिको नाम र ठेगाना

जलयात्रा संचालन गर्ने स्थान-

जलयान संख्या -

संचालन अनुमतिपत्रको अबघि -

जलयान संचालन समय - २४ सै घण्टा

अनुमति दिने अधिकारी

नामः

दर्जा :

दस्तखतः

मितिः

द्रष्टव्य : सम्बन्धित अनुमति माग गरिएको फर्म /कम्पनी व्यक्ति नेपाल सरकारको नियमानुसार कालो सूचीमा परेको पाएमा अनुमति दिइने छैन । अनुमति दिइसकेको भए जुनसुकै बखत अनुमति रद्द गरिने छ ।

## अनुसूची -७

परिच्छेद -३,को दफा ९.३ तथा परिच्छेद -७, को दफा १६.२.५ संग सम्बन्धित

**जलयान दर्ता तथा नबिकरण शुल्क**

| क.स | जलयना संख्या | व्यवसाय दर्ता शुल्क रु. | नबिकरण शुल्क |
|---|---|---|---|
| १ | २५ सिट भन्दा कम क्षमताको ब्यबसाय (प्रति जलयान) | रु ५०००/- | रु २५००/- |
| २ | २५ सिट भन्दा माथिको क्षमताको ब्यबसाय (प्रति जलयान) | रु१००००/- | रु.५०००/- |
| ३ | जलयान संचालन तथा ब्यबस्थापन, तालिम केन्द्र | रु १५०००/- | रु.२०००/- |

जलयानको संख्या IEE मा उल्लेख गरेको भन्दा पढि हुन नहुने ।

कार्यपालिका वाट स्वीकृत मिति:२०८१।११।०९

प्रमाणीकरण मिति:२०८१।११।११

प्रकाशित मिति : २०८१।११।१५

आज्ञाले,

यम नारायण गौली

प्रमुख प्रशासकीय अधिकृत